# सबै भन्सार कार्यालयमा विद्युतीय भुक्तानी प्रणाली कार्यान्वयन

भन्सारलाई आधुनिकीकरण गर्दै भन्सारमा हुने व्यापारलाई थप सहजीकरण गर्नको लागि भन्सार विभागले निकासी वा पैठारी गरेवापत बुझाउनु पर्ने राजस्व रकम आफ्नो बैंक खाताबाट राजस्व खातामा विद्युतीय प्रणालीमार्फत जम्मा गर्न सक्ने गरी विकास भएको विद्युतीय भुक्तानी प्रणाली मिति २०७८ माघ १२ गते ७०औं अन्तर्राष्ट्रिय भन्सार दिवसको अवसरमा सबै भन्सार कार्यालयहरुमा लागू गर्न लागिएको व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराइन्छ ।

यसैगरी, २०७८ पुष १६ गतेको नेपाल राष्ट्र बैंकको परिपत्र बमोजिम भन्सारमा विद्युतीय भुक्तानी प्रणाली कार्यान्वयन भएपश्चात भन्सार कार्यालयको नाममा वित्तीय संस्थाहरुले गुड्स फर पेमेन्ट तथा धरौटी चेक जारी नगर्ने तर २०७८ माघ १२ गतेसम्म जारी भएका चेकहरुबाट भन्सार राजस्व भुक्तानी गर्न भने कुनै बाधा नपर्ने व्यहोरा जानकारी गराइन्छ ।

भन्सार विभाग